**बागमती प्रदेश**
**हेटौंडा, नेपाल**

**मुख्यमन्त्री**

# विज्ञप्ती

आज मिति २०८३ साल भदौ महिनाको १० गते बुधवारका दिन रसुवा जिल्लाको भोटेकोसी नदीमा बिहानको करिब ९:१५ बजेको समयमा आएको भीषण बाढीका कारण रसुवा जिल्ला लगायत अन्य सीमा जोडिएका जिल्लाहरू (नुवाकोट, धादिङ र चितवन) मा समेत प्रभाव पारेको छ। भीषण बाढीका कारण प्रभावित क्षेत्रमा भएको जन-धनको क्षतिप्रति बागमती प्रदेश सरकार अत्यन्त दु:ख व्यक्त गर्दछ।

बाढीका कारण प्रभावितहरूको उद्धार र राहतको कार्यलाई प्रभावकारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहका सरकारबिच प्रभावकारी सञ्चार र समन्वय गरी स्रोत साधन परिचालन गरिएको छ। साथै बागमती प्रदेश मातहतका प्रभावित जिल्लास्थित स्वास्थ्य, खानेपानी लगायतका सबै कार्यालयहरूलाई आ-आफ्नो क्षेत्रमा तत्काल उद्धार र सहयोगमा लाग्न निर्देशन दिन समेत विभागीय मन्त्रालयका मन्त्रीज्यूहरू र सचिवज्यूहरूलाई निर्देशन दिइएको छ ।

विपद् खोज, उद्धार तथा राहतका कार्यलाई प्रभावकारी बनाउन आजै बागमती प्रदेशका सबै माननीय मन्त्रीज्यूहरू, सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यज्यूहरू, प्रदेशका विपद् व्यवस्थापनसँग सम्बद्ध सबै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू सम्मिलित आकस्मिक बैठक बसी सिर्जित विपद्मा सक्रिय रूपमा खटिन सम्बद्ध सबै तह र निकायहरू परिचालित हुने निर्णय गरियो ।

विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि बाढीको पूर्व सूचना प्रणाली सक्रिय गराउने, प्रभाव सम्भावित क्षेत्रमा निरन्तर एसएमएस, सामाजिक सञ्जाल र मिडियाबाट सुसूचित गराउने र क्षतिग्रस्त स्थानमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन सबै पक्षलाई निर्देशन दिइएको छ। स्थानीय प्रशासन, सबै सुरक्षा निकायहरू कार्यस्थलमा उच्च सतर्कताका साथ विपद् व्यवस्थापनमा खटिइरहेका छन्। अवरुद्ध सडकहरू खुलाउने प्रयास भइरहेको छ । अवरुद्ध विद्युत् र सञ्चार सुचारु गर्न तीव्रता दिइएको छ । सम्बद्ध पक्षसँग समन्वय गरी आवश्यक स्थानहरूमा उद्धारको लागि हेलिकप्टर मार्फत हवाई उद्धारको समन्वय भइरहेको छ ।

स्वास्थ्य तथा सामाजिक मन्त्रालयको समन्वयमा प्रभावित जिल्लाहरूका लागि औषधि, उपकरण सहितको स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको छ।

यस विषम परिस्थितिमा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँगको समन्वयमा सामाजिक तथा मानवीय क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूले राहत वितरण गर्न बैठक बसी राहत, प्रतिकार्य र पुनर्लाभ सम्बन्धमा तत्काल सक्रिय हुन अनुरोध गर्दछु।

विपद्लाई यथाशीघ्र व्यवस्थापन गर्न खोज, उद्धार तथा राहत कार्यमा समन्वय, सहयोग र सहजीकरण गर्न, गराउनु हुन सम्बन्धित सम्पूर्णमा बागमती प्रदेश सरकार हार्दिक अपिल गर्दछु।

विक्रम संवत् भदौ १०, २०८३
नेपाल सम्वत् ११४६ गुंलाथ्व, त्रयोदशी

**किरण थापा मगर**
**मुख्यमन्त्री**